# कार्यपालिका बैठक संख्या- ११

मितिः- २०८२।११।२८

## निर्णयहरु

**निर्णय नं. १-** मिति २०८२।१०।२८ गतेको बैठक नं. १० का निर्णय तथा सोको कार्यान्वयन सम्बन्धमा आवश्यक छलफल तथा समिक्षा गरियो।

**निर्णय नं. २-** चालु आ.व. २०८२/०८३ का लागि ७ नं. वडा अन्तर्गत सञ्चालन हुने गरी स्वीकृत तपसिलको योजना कार्यान्वयनका लागि प्राविधिक लागत अनुमान बमोजिम अपुग हुन आउने रकम गाउँपालिकाबाट व्यहोर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**तपसिल:-**

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम | लागत अनुमान रकम | अपूग रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | परसोहिया धर्मशाला र बडसुडवा अधुरो धर्मशाला निर्माण, वडा नं. ७ | रु. १० लाख | रु. ११,२४,७१८.२०।- | रु. १,२४,७१८.२०।- | |

**निर्णय नं. ४-** श्रमिक/कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने नेपाल सरकारको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने सन्दर्भमा गाउँपालिका र अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई एकैपटक सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न आर्थिक दायित्वका हिसावले कठिनाई रहेकोले हाललाई सेवा अवधी ५ (पाँच) वर्ष पुरा भएका कर्मचारीहरुलाई पहिलो चरणमा कोषमा आवद्ध गर्ने र बाँकीलाई सेवा अवधी ५ वर्ष पुग्नासाथ लगत्तै अर्को महिनादेखि सामाजिक सुरक्षा कोषमा आवद्ध गराइ नियमानुसार नियमित योगदान रकम जम्मा गरिदिने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**निर्णय नं. ५-** स्वच्छ उर्जा कार्यक्रम अन्तर्गत वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, विजयनगर गाउँपालिका र लाभग्राहीको लागत सहभागितामा वितरण गरिने विद्युतिय (इन्डक्सन) चुलोको माग संख्या ७४८ थान रहेकोमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट ६६९ थान मात्र प्राप्त भएकोमा सम्बन्धित वडा कार्यालयले प्राथमिकताका आधारमा छनौट गरी पठाए बमोजिमका लाभग्राहीलाई तोकिए बमोजिमको साझेदारी रकम लिई विद्युतिय (इन्डक्सन) चुलो वितरण गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**निर्णय नं. ६-** यस विजयनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको स्वीकृत दरबन्दी तथा संगठन संरचना अनुसार हाल रिक्त रहेका तपसिल बमोजिमका पदहरुमा सरुवा भई आउन इच्छुक समान पद, सेवा र समूहका कर्मचारीहरुका लागि सरुवा सहमतिका लागि निवेदन पेश गर्न १५ दिने सूचना प्रकाशन गर्ने भनि सर्वसम्मतिमा निर्णय गरियो।

**तपसिल:-**

| क्र.सं. | सेवा | समूह/उप समूह | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय प्रशासन | सामान्य प्रशासन | प्रशासकीय अधिकृत | ७/८औ | १ | |
| २ | | | वरिष्ठ प्रशासन सहायक | ५औ | २ | |
| ३ | | | प्रशासन सहायक | ४ | १ | |
| ४ | स्थानीय प्रशासन | लेखा | आन्तरिक लेखा परीक्षण सहायक | ५औ | १ | |
| ५ | स्थानीय इन्जिनियरिङ | सिभिल | इन्जिनियर | ७/८औ | १ | |
| ६ | स्थानीय कृषि | भेटेरिनरी | पशु चिकित्सक | ७/८औ | १ | |
| ७ | | बागवानी, बाली संरक्षण र बाली विकास | सहायक कृषि प्राविधिक | ४ | १ | |
| | | जम्मा | | | ८ | |

कार्यपालिका बैठक नं. ११

हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

आ.व. २०८२।०८३

## कार्यपालिका बैठक संख्या- ११

मितिः- २०८२।११।२८

**निर्णय नं. ७-** निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

<u>तपसिलः-</u>

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत |
|---|---|---|---|---|---|
| १ | शतचण्डी महायज्ञ समिति | महाराजगञ्ज-११, बनगाई | कोटहीमाई मन्दिरमा शतचण्डी महायज्ञ संचालन तथा व्यवस्थापन | रु. १०,०००।- ( दश हजार रुपैयाँ मात्र) | चाड पर्व, मेला महोत्सव तथा संस्कृति संरक्षण |
| २ | श्री शिव मन्दिर व्यवस्थापन समिति | शिवराज-१, धानखोला | महाशिवरात्री मेला तथा विविध सांस्कृतिक कार्यक्रम संचालन तथा व्यवस्थापन | रु. २०,०००।- (बिस हजार रुपैयाँ मात्र) | |
| ३ | श्री समयमाई मन्दिर निर्माण तथा संचालन समिति | विजयनगर-५, पिपरी | चैत्र राम नवमीमा ७ दिने सांस्कृतिक कार्यक्रम, मेला तथा भण्डारा कार्यक्रम | रु. १,५०,०००।- (एक लाख पचास हजार रुपैयाँ ) | चाड पर्व, मेला महोत्सव तथा संस्कृति संरक्षण |
| ४ | शिवरात्री मेला तथा भण्डारा कार्यक्रम व्यवस्थापन समिति | विजयनगर-६, फरेना | महाशिवरात्रीको अवसरमा शिव मन्दिरमा मेला तथा भण्डारा संचालन | रु. २०,०००।- (बिस हजार रुपैयाँ मात्र) | |
| ५ | कपिलवस्तु जिल्ला फुटवल संघ | वाणगंगा, कपिलवस्तु | प्रथम बाघमारा फुटवल प्रतियोगिता, २०८२ मा सहभागिताका लागि सहयोग | रु. ७५,०००।- (पचहत्तर हजार रुपैयाँ मात्र) | खेलकुद सहयोग कार्यक्रम |
| ६ | श्री परमहंस अद्धैतमत आश्रम (धार्मिक संस्था) | विजयनगर-७, मधनगर | छत ढलान | रु. ५०,०००।- ( पचास हजार रुपैयाँ मात्र) | मागमा आधारित साना पूर्वाधार विकास कार्यक्रम तथा अनुदान |
| ७ | श्री समयमाई मन्दिर निर्माण तथा संचालन समिति | विजयनगर-५, पिपरी | अधुरो फिल्डमा माटो पटान | प्राविधिक लागत अनुमान बमोजिम अपुग हुन आउने रकम | |
| ८ | वडा नं. ६ उज्जवलपुर साझेदारी वन कार्यालयदेखि उत्तर सडक स्तरोन्नती | विजयनगर- ६, उज्जवलपुर | सडक स्तरोन्नती | रु. १०,००,०००।- (दश लाख रुपैयाँ मात्र ) | |
| ९ | वडा नं. ५ जुगुनिया खोपकेन्द्र र डालपुर खोपकेन्द्र मर्मत | विजयनगर- ५ | खोपकेन्द्र मर्मत | रु. ८०,०००।- (असी हजार रुपैयाँ मात्र) | |
| १० | त्रिवेनी लोनिया | विजयनगर-६, खुरुहुरिया | औषधोपचार सहयोग | रु. २०,०००।- (बिस हजार रुपैयाँ मात्र) | मागमा आधारित सहयोग कार्यक्रम |
| ११ | बलीमाया कमिनी | विजयनगर-६, प्रेमनगर | औषधोपचार सहयोग | रु. १,००,०००।- (एक लाख रुपैयाँ मात्र) | |
| १२ | सुधिर कुमार त्रिपाठी | विजयनगर-३, मैनारी | बुवाको औषधोपचार सहयोग | रु. ५०,०००।- (पचास हजार रुपैयाँ मात्र) | |
| १३ | इलाका प्रशासन कार्यालय | शिवराज-५, चन्द्रौटा | कार्यालय व्यवस्थापन तथा सवारी मर्मत | रु. १,५०,०००।- (एक लाख पचास रुपैयाँ मात्र) | सवारी साधन मर्मत खर्च |

हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ उपदफा-२ को (ज) बमोजिम कार्यपालिका बैठक नं. ११ ..........को निर्णय प्रमाणित गर्दछु

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका



आ.व.२०८२।०८३